## सुरुङ्गा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ४ मितिः २०८०।०४।०१

# भाग–१

## एघारौं नगर सभा बाट आ.ब. ०८०।८१ का लागि स्विकृत नीतिगत निर्णयहरू

**सुरुङ्गा नगरपालिका**
**मधुपट्टी, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

# सुरुङ्गा नगरपालिकाको एघारौं नगर सभा बाट आ.ब. ०८०।८१ का लागि स्विकृत नीतिगत निर्णयहरु

**निर्णय नं. १** : सुरुङ्गा नगरपालिकाले आगामी आ.ब. ०८०।८१ मा लिइने बार्षिक नीति तथा कार्यक्रमको मस्यौदा प्रस्तुत हुँदा सो नीति तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** : नगर कार्यपालिकाले आगामी आ.ब. ०८०।८१ कालागि कर, शुल्क तथा दस्तुर संकलन गरी अर्थ सम्बन्धी व्यवस्था गर्न पेश भएको सुरुंगा नगरपालिकाको आर्थिक विधेयक २०८० मस्यौदा उपर सभामा दफावार छलफल भयो । पेश भएको ***सुरुंगा नगरपालिकाको आर्थिक विधेयक २०८०*** लाई केही परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** : नगरकार्यपालिकाको लागि आ.ब. ०८०।८१ को लागि सेवा तथा कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्न र विनियोजन विकासको लागि रकम खर्च गर्ने व्यवस्थाको लागि तयार भएको ***सुरुंगा नगरपालिकाको विनियोजन विधेयक, २०८०*** स्वीकृत गरियो ।

**निर्णय नं ४** : नगरपालिकाको कार्य वोझ वढी भएकाले नगरपालिकामा कायम रहेको स्थायी दरवन्दीमा कार्यरत कर्मचारीहरु वाट मात्र दैनिक कार्यसंचालन गर्न कठिनाई भै रहेको साथै सबै दरबन्दी पुर्ति नभएको बर्तमान अवस्थामा कतिपय पदहरु करार सेवा तथा दैनिक ज्यालादारी बाट पुर्ति गरिएकोमा कार्य सन्तोषजनक भएका कर्मचारीहरुको सेवालाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं ५** : यस नगरपालिका अन्तरगत कार्यरत रहि आएका कृषि तथा पशु तर्फका एक गाँउ एक प्राबिधिक सेवाका तथा एम आई एस अपरेटर लगायतका कर्मचारीहरुको पारिश्रमिकका लागि निर्धारित प्रतिशत रकम नगरपालिकाबाट थप गरि निजहरुको सेवालाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं ६** : यस नगरपालिकालाई अझ ब्यवस्थित, मर्यादित तथा भयरहित बनाउनका लागि नगर प्रहरी तथा सुरक्षागार्ड को सेवा करारमा लिने निर्णय गरियो

**निर्णय नं ७** : नगरपालिका क्षेत्रभित्र रहेको सार्वजनिक, ऐलानी, पर्ती, गुठी जग्गा, मठ मन्दिर तथा चल अचल सम्पत्तिहरुलाई संरक्षण गर्ने उद्देश्यले अतिक्रमण

भएका त्यस्ता सम्पत्तिहरुलाई नगरपालिकाको स्वामित्वमा ल्याउन आबश्यक पहल कदमी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** : यस नगरपालिकाको आ.ब. ०७८।८९ को अन्तिम लेखापरीक्षण प्रतिबेदन उपर छलफल हुदा नगरपालिकामा समावेश भएका साविक गा.वि.स.हरुका म.ले.प.तथा नगरपालिकामा भएका म.ले.प. प्रतिवेदनवाट देखाइएका वेरुजु तथा साविक देखि हालसम्म असूल उपर गर्न बाँकी वक्यौता रकम कडाईका साथ असूल उपर गर्ने र वेरुजु फर्छ्यौट कार्यलाई प्राथमिकता दिने निर्णय गरियो ।

**निर्णय नं. ९** : सुरुंगा नगरपालिकाको आर्थिक ऐन २०७९ तथा बिनियोजन ऐन २०७९ कार्यान्वयनका सन्दर्भमा सुरुङ्गा नगर कार्यपालिका, नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतबाट गरिएका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०** : ***सुरुङ्गा नगरपालिकाको बिनियोजन ऐन २०७९*** लाई कार्यान्वयन गर्ने सन्दर्भमा भए गरेका अन्य सम्पूर्ण (शिर्षकान्तर भई रकमान्तर भएका समेतका) खर्चहरु अनुमोदन गरियो ।

**निर्णय नं. ११** : नगर कार्यपालिकाको वैठकवाट यस अघि गठन गरिएको न्यायिक समितिलाई अनुमोदन गरि अन्य विभिन्न बिषयगत समिति उप समितिहरुलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नः १२** : यस नगरपालिका अर्न्तगत कार्यरत स्थानीय तहका शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा, महिला तथा बालबालिका तर्फका कर्मचारीहरुले खाईपाई आएको आ.व. २०८०/०८१ को तलवी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३** : नगर कार्यपालिकामा कार्यरत कर्मचारीहरुले कार्यालय समय बाहेक तथा सार्वजनिक बिदाका दिनमा समेत कार्य गर्नु पर्ने अवस्था हुँदा यस्ता कर्मचारिलाई उत्प्रेरित गराउनका लागि समसामयिक रुपमा प्रोत्साहन भत्ता उपलब्ध गारउने निर्णय गरियो ।

**निर्णय नं. १४ :** सुरुङ्गा नगरपालिकाको बिनियोजन ऐन २०८० मा एकमुष्ठ रुपमा बिनियोजन भएको रकमलाई क्रियाकलापमा बिभाजन गरि कार्यक्रम संचालन गर्ने अधिकार नगर कार्यपालिका/ नगर कार्यपालिका कार्यालय/नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ :** आ. व. २०८०/८१ मा संचालन गरिने विकास निर्माण कार्यका लागि गठन गरिने उपभोक्ता समितिले गरिआएको लागत

सहभागितालाई निरन्तरता दिई यसलाई बस्तुपरक जनाउन सहभागिताको अनुपात साविक बमोजिम १०% गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६ :** यस नगरपालिकाबाट सम्झौता भई निर्धारित अवधिमा कार्य सम्पन्न हुन नसकेका खुला बोलपत्र वा सिलबन्दी दरभाउ पत्रको प्रक्रिया बाट कार्यान्वयनमा गएका गएका सम्पूर्ण योजनाहरुको म्याद २०८० पौष मसान्त सम्मका लागि थप गरि दायित्व समेत सार्ने निर्णय गरियो ।

**निर्णय नं. १७ :** यस नगरपालिकाको आर्थिक ऐन २०८० मा छुट भएका शिर्षकको करको दर तोक्ने तथा यस ऐनलाई कार्यान्वयनमा देखिएका समस्या समाधानका लागि दर दायरामा सामान्य परिमार्जन गरि बाधा अडकाउ फुकाउने अधिकार नगर कार्यपालिका लाई प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८ :** यस नगरपालिकाको बिनियोजन ऐन २०८० मा देखिएका समान्य प्रकृतिका भाषागत, शब्दगत तथा अंकगत त्रुटिहरुलाई संशोधन गर्ने अधिकार नगर कार्यपालिका लाई प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९ :** यस नगरपालिका अन्तरगतका नगरबासीहरुमा सहज तथा सरल रुपमा प्रभावकारी स्वास्थ्य सेवा पुर्‍याउनका लागि ६० बर्ष नाघेका जेष्ठ नागरिकहरुलाई प्रयोगशाला बाट उपलब्ध गराईने सम्पूर्ण सेवाहरु निशुल्क रुपमा उपलब्ध गराउने निर्याय गरियो ।

**निर्णय नं. २० :** न्यायिक समितिको प्रतिबेदन उपर छलफल भई अनुमोदन गरियो साथै न्यायिक समितिलाई आगामी दिनका अझ प्रभावकारी र सक्षम बनाउन न्यायिक समितिका पदाधिकारीहरुका लागि क्षमता विकास कार्यक्रम संचालन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. २१ :** यस नगरपालिकाको लागि अति आवश्यक रहेको तर स्रोतको अभावमा नगरपालिकाबाट संचालन गर्न सम्भव नभएका बिभिन्न योजना तथा कार्यक्रमहरु संचालनमा सहयोग गरी दिन नेपाल सरकार, प्रदेश सरकार सम्वन्धित निकायमा माग गर्ने निर्णय भयो ।

**निर्णय नं. २२ :** यस नगरपालिकाको शैक्षिक क्षेत्रलाई अझ प्रभावकारी र ब्यवस्थित बनाई गुणस्तर कायम गर्न लागि एक जना शिक्षा संयोजकको ब्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३ :** यस नगरपालिकाका बिद्यालयहरुमा भएको शिक्षक अभावलाई पुर्ति गर्नका लागि स्वयंसेवक शिक्षकको सेवा करारमा लिने निर्णय गरियो ।

**निर्णय नं. २४ :** राजश्व परामर्श समितिको सिफारिस बमोजिम यस नगरपालिकाको वडा नं ७ स्थित हरिपुर बिद्यालय नजीकको पोखरिको ठेक्का सम्झौताको म्याद एक बर्षका लागि थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५ :** सुरुंगा नगरपालिकाको ३ नम्बर वडालाई २०८० सालको भाद्र २९ सम्म र सम्पूर्ण नगरपालिकालाई २०८१ भित्र बाल मैत्री घोषणा गर्ने सम्बन्धमा मिति २०८०।०१।०६ मा भएको कार्यपालिका बैठकको निर्णयलाई अनुमोदन गरियो

**निर्णय नं. २६ :** यस नगरपालिकाको वडा नं ६ मा निर्माण भैरहेको १५ शैयाको अस्पताललाई नगरपालिकाको आधारभुत अस्पतालको रुपमा स्थापना गरि संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७ :** यस नगरपालिका अन्तरगत कार्यरत कर्मचारीहरु कार्यालय आउन जान तथा कार्यालयको काममा नगरपालिकाका बिभिन्न स्थानमा जनु पर्ने भएकोले निजी सवारी साधन प्रयोग गर्ने कर्मचारीहरुलाई समेत मासिक रुपमा तोकिएको परिमाणमा ईन्धन उपलब्ध गराउदै आईएकोमा सो कार्यलाई अनुमोदन गरि आगामी आ.ब.मा समेत यस कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. २८ :** सुरुङ्गा नगरपालिकाको एघारौं नगर सभा संचालनमा सहयोग पुऱ्याउने नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु, राजनैतिक दलका पदाधिकारी ज्यूहरु, बिभिन्न संघ संस्थाका प्रतिनिधी ज्यू लगायत सबै कर्मचारीहरु र समस्त संचारकर्मी, उद्योगी व्यबसायी लगायत सम्पूर्ण नगरवासीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्ने निर्णय गरियो ।

**आज्ञाले**
**गजेन्द्र नाथ शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**